मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily

प्रधानमन्त्री भएर देशको सेवा गर्ने चाहना छः विप्लव
समाचार पृष्ठ ४ मा



वर्ष ४ • अंक ३८ • २०८२ साल पौष ०६ गते आइतबार • Sunday 21, December 2025 • सूर्योदयः बिहान ०६:५० बजे • सूर्यास्तः साँझ ५:१७ बजे • पृष्ठ ४ • मूल्य रु. ५/-

## सभामुखमा रामअशिष र त्रिलोकीको उम्मेदवारी

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश सभाको सभामुख पदका लागि सत्ता गठबन्धन र प्रमुख प्रतिपक्षबीच प्रतिस्पर्धा औपचारिक रूपमा शुरु भएको छ । सभामुख चयन प्रक्रियाअन्तर्गत सत्तारुढ सातदलीय गठबन्धन र नेकपा एमालेले आआफ्ना उम्मेदवार अघि सारेका छन् ।



७ दलीय गठबन्धनले जनता समाजवादी पार्टी (जसपा) नेपालका प्रमुख सचेतक रामअशिष यादवलाई सभामुख पदको साझा उम्मेदवार बनाउँदै प्रदेश सभा सचिवालयमा उम्मेदवारी दर्ता गराएको छ । यादवले शनिबार दिउँसो करिब १ बजे उम्मेदवारी दर्ता गराएका थिए । उनको उम्मेदवारीमा नेपाली कांग्रेसका प्रदेशसभा सदस्य वीरेन्द्र कुमार सिंह प्रस्तावक तथा नेकपा माओवादी केन्द्रका फकिरा महतो समर्थक छन् ।

उम्मेदवारी दर्ताअघि बसेको सात दलीय गठबन्धनको बैठकले सर्वसम्मतरूपमा यादवलाई साझा उम्मेदवार बनाउने निर्णय गरेको थियो । गठबन्धनले प्रदेश सभामा स्थायित्व कायम गर्ने, दलहरूबीच सहकार्यलाई मजबुत बनाउने र निष्पक्ष संसदीय अभ्यासलाई अघि बढाउने उद्देश्यसहित अनुभवी तथा संवादमुखी नेतालाई अघि सारिएको जनाएको छ । गठबन्धनका नेताहरूका अनुसार सभामुख पद कार्यकारी होइन, तर संसदको मर्यादा, निष्पक्षता र विधिसँग प्रत्यक्ष जोडिएको जिम्मेवारी भएकाले सबै दलसँग समन्वय गर्नसक्ने र संसदीय प्रक्रिया राम्रोसँग बुझ्ने व्यक्ति आवश्यक हुन्छ । यही आधारमा यादवलाई उम्मेदवार बनाइएको उनीहरूको भनाइ छ ।

यसैबीच, प्रमुख प्रतिपक्ष नेकपा एमालेले पनि सभामुख पदमा आफ्नो उम्मेदवार खडा गरेको छ । एमालेका तर्फबाट त्रिलोकी प्रसादले दिउँसो करिब ३ बजे उम्मेदवारी दर्ता गराएका थिए । उनको उम्मेदवारीमा एमालेकी प्रदेशसभा सदस्य शारदा देवी थापा प्रस्तावक तथा जयचन्द्र प्रसाद पटेल समर्थक छन् । उम्मेदवारी दर्ताअघि बसेको एमाले संसदीय दलको बैठकले त्रिलोकी प्रसादलाई आधिकारिक उम्मेदवार बनाउने निर्णय गरेको थियो । एमालेले प्रदेश सभालाई विधि, विधान र संसदीय प्रक्रियाअनुसार प्रभावकारीरूपमा सञ्चालन गर्नसक्ने क्षमताका आधारमा प्रसादलाई उम्मेदवार बनाइएको जनाएको छ । एमालेका एक नेताले भने, 'सभामुख पद प्रदेश सभाको गरिमा, अनुशासन र निष्पक्षतासँग जोडिएको जिम्मेवारी हो । त्यसैले संसदीय अभ्यास र अनुभव भएका व्यक्तिलाई अघि सारिएको हो ।'

यसअघि सभामुख रहेका रामचन्द्र मण्डल पदमुक्त भएपछि सभामुख पद लामो समयदेखि रिक्त रहँदै आएको थियो । सभामुख नहुँदा प्रदेश सभाको नियमित कामकारबाही, विधेयक पारित प्रक्रिया तथा संसदीय गतिविधिमा असर परेको थियो । नयाँ सभामुख चयनसँगै प्रदेश सभाको काम पुनः लयमा फर्किने अपेक्षा गरिएको छ ।

मधेश प्रदेशको राजनीतिमा अनुभवी नेताका रूपमा परिचित रामअशिष यादवले यसअघि प्रमुख सचेतकका रूपमा विधेयक छलफल, प्रस्ताव दर्ता र संसदीय अभ्यासमा सक्रिय भूमिका खेल्दै आएका छन् । प्रदेश सभामा सात दलीय गठबन्धनको स्पष्ट बहुमत रहेकाले उनी सभामुख पदमा निर्वाचित हुने लगभग सुनिश्चित देखिएको छ । प्रदेश सभा सचिवालयका प्रवक्ता विपिन ठाकुरका अनुसार निर्धारित कार्यतालिकाअनुसार आइतबार सभामुख चयनका लागि मतदान प्रकृया अघि बढाइनेछ ।

## सर्लाही–४ मा कांग्रेसको उम्मेदवार सिफारिस विवादित

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेपाली कांग्रेसले सर्लाही निर्वाचन क्षेत्र नं. ४ बाट प्रतिनिधिसभा सदस्यका लागि गरेको उम्मेदवार सिफारिस प्रक्रियामाथि गम्भीर प्रश्न उठेको छ । पार्टीको निर्धारित मापदण्ड विपरीत उम्मेदवार सिफारिस गरिएको आरोप कांग्रेसकै महासमिति सदस्य इन्जिनियर डा. राजेश्वर सिंह कुशवाहाले लगाएका हुन् ।

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनका लागि सर्लाही–४ क्षेत्रीय कार्यसमितिको मंसिर २३ गते बसेको बैठकले मधेश प्रदेशसभा सदस्य विरेन्द्र प्रसाद सिंहको नाम एकल रूपमा सिफारिस गरेको थियो । तर सिफारिस पार्टी केन्द्रीय समितिले जारी गरेको मापदण्डसँग मेल नखाने कुशवाहाको दाबी छ ।

कुशवाहाका अनुसार नेपाली कांग्रेस केन्द्रीय समितिले मंसिर १५ र १७ गते क्षेत्रीय तथा जिल्लास्तरमा पठाएको १० बुँदे मापदण्डमा हाल



बहाल प्रदेशसभा सदस्यलाई प्रतिनिधिसभा निर्वाचनका लागि उम्मेदवार सिफारिस गर्न नपाइने स्पष्ट व्यवस्था गरिएको छ । साथै, प्रत्यक्ष निर्वाचन प्रणालीअन्तर्गत कम्तीमा एक महिला समावेश गरी तीन जनाको नाम सिफारिस गर्नुपर्ने प्रावधान रहेको उनले स्मरण गराए । तर ती सबै मापदण्डलाई बेवास्ता गर्दै हाल बहाल प्रदेशसभा सदस्य विरेन्द्र प्रसाद सिंहको नाम मात्र एकल रूपमा सिफारिस गरिएको र आफूले दिएको उम्मेदवारी निवेदनसमेत दर्ता नगरिएको कुशवाहाको आरोप छ । दावेदारी नै प्रस्तुत नगरेका व्यक्तिको नाम सिफारिस गर्नु पार्टीभित्रको लोकतान्त्रिक अभ्यासविपरीत भएको उनको भनाइ छ ।

उनले यस्तो कार्यलाई अलोकतान्त्रिक, स्वेच्छाचारी र बाहुबली प्रवृत्तिको संज्ञा दिँदै पार्टीको आन्तरिक लोकतन्त्र कमजोर पार्ने काम भएको बताए । यस विषयमा मंसिर २४ गते नै पार्टीका केन्द्रीय तथा प्रदेशस्तरीय पदाधिकारीहरूलाई औपचारिक रूपमा जानकारी गराइसकेको उनले उल्लेख गरे । कुशवाहाले मंसिर २५ गते केन्द्रबाट पुनः मापदण्ड पालना गर्न जारी गरिएको परिपत्रको आधारमा सर्लाही–४ को सिफारिस निर्णय तत्काल खारेज गर्न माग गरेका छन् । साथै, केन्द्रीय निर्देशनअनुसार सबै इच्छुक दावेदारलाई समेट्दै निष्पक्ष, पारदर्शी र विधिसम्मत ढंगले पुनः उम्मेदवार सिफारिस गर्न क्षेत्रीय कार्यसमितिसँग उनले आग्रह गरेका छन् । उम्मेदवार सिफारिस प्रक्रियामा देखिएको यो विवादले सर्लाही–४ मा कांग्रेसभित्रको आन्तरिक राजनीति थप चर्किने संकेत देखिएको छ ।

## विद्यालयमा क्रिसमस कार्यक्रम नगराउन आग्रह

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
हिन्दू सम्राट नेपालले शैक्षिक संस्थालाई विद्यालय परिसरमा क्रिसमसजस्ता धार्मिक कार्यक्रम आयोजना नगर्न आग्रह गरेको छ । संस्थाले विद्यालयलाई धार्मिक गतिविधिबाट टाढा राख्दै संविधानअनुसार शैक्षिक तटस्थता कायम गर्नुपर्नेमा जोड दिएको छ । हिन्दू सम्राट नेपालका महासचिव राकेश यादवले सम्बन्धित निकायलाई औपचारिक पत्र पठाउँदै शैक्षिक संस्थाहरू विदेशी धार्मिक प्रचार–प्रभावबाट मुक्त रहनुपर्ने माग गरेका छन् । पत्रमा पछिल्ला केही वर्षयता नेपालमा धर्मान्तरणका गतिविधि बढ्दै गएको उल्लेख गर्दै त्यसको एउटा माध्यम विद्यालयस्तरमै आयोजना हुने क्रिसमस कार्यक्रम रहेको आरोप लगाइएको छ ।



संस्थाका अनुसार बालबालिकालाई लक्षित गरी विदेशी धर्मसँग सम्बन्धित चाडपर्व, प्रतीक र गतिविधि विद्यालयभित्रै प्रस्तुत गर्नु अनुचित कार्य हो । यसले विद्यार्थीको मानसिकता प्रभावित गर्ने र नेपालको मौलिक धर्म–संस्कृतिमा दीर्घकालीन नकारात्मक असर पार्ने खतरा रहेको चेतावनीसमेत दिइएको छ ।

पत्रमा विद्यालयलाई ज्ञान, विज्ञान, नैतिकता र राष्ट्रिय संस्कृतिको केन्द्रका रूपमा विकास गर्नुपर्ने उल्लेख गरिएको छ । शैक्षिक संस्थालाई कुनै पनि विदेशी धर्मको प्रचारस्थल बनाउन नहुने भन्दै यस्ता गतिविधिले शैक्षिक मर्यादा र तटस्थता कमजोर बनाउने संस्थाको ठहर छ । हिन्दू सम्राट नेपालले विद्यालय परिसरमा विदेशी धर्मको प्रचार हुने कुनै पनि गतिविधि तथा प्रतीकात्मक कार्यक्रम रोक्न स्पष्ट निर्देशन जारी गर्न सम्बन्धित निकायसँग आग्रह गरेको छ । साथै क्रिसमसजस्ता धार्मिक कार्यक्रम विद्यालयमा आयोजना नगर्न, राष्ट्रिय पाठ्यक्रम र संवैधानिक तटस्थतामा आधारित शैक्षिक गतिविधिमात्र सञ्चालन गर्न तथा निर्देशन उल्लङ्घन गर्ने विद्यालयमाथि अनुशासनात्मक कारबाही प्रक्रिया अघि बढाउन पनि माग गरिएको छ ।

महासचिव यादवले विद्यालयलाई 'शिक्षाको मन्दिर'को संज्ञा दिँदै त्यसलाई चर्च वा अन्य धार्मिक स्थलमा रूपान्तरण गर्न नहुने धारणा व्यक्त गरेका छन् । उनले धार्मिक तटस्थता उल्लङ्घन हुने कुनै गतिविधि देखिएमा कडा कारबाही गर्नुपर्ने माग गर्दै सम्बन्धित निकायको गम्भीर ध्यानाकर्षण गराएका छन् ।

## ई–रिक्सा व्यवस्थापनलाई लिएर अधिकारको रस्साकस्सी



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधाम उपमहानगरपालिकाले ई–रिक्सा व्यवस्थापनका लागि कडाइ गर्ने निर्णय गरेपछि सहरमा ई–रिक्सा सञ्चालन र व्यवस्थापनको अधिकार क्षेत्रबारे रस्सकाकस्सी शुरु भएको छ । उपमहानगरपालिकाले आफ्नै कार्यालयमा दर्ता भएका ई–रिक्साबाहेक अन्य ई–रिक्सालाई परिक्रमा क्षेत्रभित्र सञ्चालन गर्न नदिने निर्णय गरेसँगै चालकहरू आन्दोलित भएका छन् ।

यातायात व्यवस्था कार्यालयमा दर्ता भई सञ्चालनमा रहेका ई–रिक्सा चालकहरूले उपमहानगरपालिकाको निर्णयप्रति असन्तुष्टि जनाउँदै विरोध जनाएका छन् । उनीहरूको भनाइमा कानूनी रूपमा दर्ता भई रुट परमिट प्राप्त सवारी साधनलाई स्थानीय तहको निर्णयले एकाएक रोक लगाउनु अन्यायपूर्ण हो ।

यद्यपि, नगर क्षेत्रभित्र अव्यवस्थित रूपमा सञ्चालन हुँदै आएका ई–रिक्साका कारण ट्राफिक व्यवस्थापन अत्यन्तै जटिल बनेको विषयमा सबै पक्ष सहमत देखिन्छन् । ट्राफिक अस्तव्यस्तता, सडक जाम र नगरको सौन्दर्यमा असर परिरहेको भन्दै ई–रिक्सा व्यवस्थापन हुनुपर्ने माग लामो समयदेखि उठ्दै आएको छ । यही कारण जनकपुरधाम उपमहानगरपालिकाको पछिल्लो निर्णयलाई धेरैले समर्थन पनि गरेका छन् । तर, व्यवस्थापन गर्ने अधिकार कसको भन्ने प्रश्न अझै अनुत्तरित छ ।

यस विषयमा देखिएको अन्योल र विवाद समाधान गर्न यातायात व्यवस्था कार्यालयको पहलमा शनिबार जनकपुरधाममा सर्वपक्षीय छलफल भएको छ । छलफलमा उपमहानगरपालिका, यातायात कार्यालय, यातायात व्यवसायी, ई–रिक्सा मजदुर संगठन तथा अन्य सरोकारवाला पक्षहरूको सहभागिता थियो ।

छलफलको क्रममा यातायात व्यवस्था कार्यालय जनकपुरधामले कुनै पनि सवारी साधनको पहिलो दर्ता आफ्नो कार्यालयबाटै हुने स्पष्ट पारेको छ । कार्यालयका प्रमुख धनञ्जय कुमार सिंहले २०७८ सालमा अदालतबाट प्राप्त परिपत्रका आधारमा ई–रिक्सा तथा टेम्पु दर्ता गर्दै रुट परमिट जारी गर्दै आएको जानकारी दिए ।

तर, रुट परमिटकै विषयमा यसै साता प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा रहेको समितिको बैठक बसेर निर्णय गरिने उनले बताए । 'पहिले नै रुट परमिट जारी भइसकेका ई–रिक्सालाई कसरी व्यवस्थित गर्न सकिन्छ भन्ने विषयमा छलफल गर्न हामी तयार छौँ,' सिंहले भने ।

यता जनकपुरधाम उपमहानगरपालिकाले भने ई–रिक्सा व्यवस्थापनको पूर्ण जिम्मेवारी स्थानीय तहकै रहेको दाबी गरेको छ । उपमहानगरका कर अधिकृत परमेश झाले नगर क्षेत्रभित्र सवारी व्यवस्थापन, सडक क्षमता र ट्राफिक अवस्थालाई मध्यनजर गर्दै निर्णय गर्ने अधिकार स्थानीय सरकारसँग रहेको बताए ।

उनका अनुसार हाल जनकपुरधाम उपमहानगरपालिकामा मात्र करिब १ हजार ४ सय ई–रिक्सा दर्ता छन् । नगरको सीमित सडक क्षमताभन्दा बढी ई–रिक्सा सञ्चालन हुँदा समस्या थप जटिल बन्दै गएको भन्दै उनले यातायात व्यवस्था कार्यालयले तत्काल नयाँ दर्ता प्रक्रिया रोक्नुपर्ने धारणा राखे ।

कार्यक्रममा जनकपुर यातायात व्यवसायी संघका अध्यक्ष मनोज चौधरीले नगर क्षेत्रको ट्राफिक सहज बनाउन उपमहानगरपालिकाले लिएको निर्णयमा सबै पक्षले सहयोग गर्नुपर्ने बताए । अव्यवस्थित ई–रिक्सा सञ्चालनका कारण नगर कुरुप बन्दै गएको उनको भनाइ थियो ।

त्यसैगरी ई–रिक्सा मजदुर संगठनका अध्यक्ष विरेन्द्र महतोले बाहिरबाट आएर कागजपत्रविनै ई–रिक्सा चलाइरहेकाहरूले अनावश्यक विवाद सिर्जना गरिरहेको आरोप लगाए । उनले उपमहानगरपालिकाले थालेको व्यवस्थापन अभियानमा आफ्नो संगठनको पूर्ण समर्थन रहने स्पष्ट पारे ।

यातायात व्यवस्था कार्यालय जनकपुरधामका अनुसार हालसम्म करिब ४ हजार ७ सय ई–रिक्सा र टेम्पु दर्ता भइसकेका छन्, जुन धनुषा र महोत्तरीका सदरमुकामसहित विभिन्न क्षेत्रमा सञ्चालनमा रहेका छन् । स्पष्ट नीति र अधिकारको टुंगो नलाग्दा जनकपुरधाममा ई–रिक्सा व्यवस्थापन अझै जटिल बन्दै गएको सरोकारवालाहरूको निष्कर्ष छ ।

## नेपाल जेसीजको अध्यक्षमा ७ आकांक्षी

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेपाल जेसीजको ५२औँ राष्ट्रिय महाधिवेशन अन्तर्गत शनिबारबाट बन्दसत्र शुरु भएको छ । नयाँ नेतृत्व चयनका लागि अध्यक्ष पदमा ७ जनाले उम्मेदवारी दिएको महाधिवेशनका निर्देशक सुधिर पजियारले जानकारी दिए । उनले बन्दशत्र अन्तर्गत थिम सेमिनार, ओरेटरी कन्टेस्ट, ककस लगायतका कार्यक्रम हुने बताए ।

उम्मेदवारी दिएका सातै उम्मेदवार ककससम्म पुगेपछि मात्रै उनीहरुको उम्मेदवारी निश्चित हुने पजियारले बताए । उनले भने, 'अहिले नेतृत्वकालागि ७ जना आकांक्षी छन्, ककससम्म जो पुग्नु हुन्छ, उहाँकै उम्मेदवारी मानिने छ । पजियारले बन्दसत्र शनिबारबाट शुरु भए पनि निर्वाचन कार्यक्रम आइतबार नै शुरु हुने बताए ।

जनकपुरधामको तिरहुतिया गाछीमा जारी महाधिवेशनको प्रमुख अतिथिको रुपमा अन्तर्राष्ट्रिय जेसीजका उपाध्यक्ष सुजुकीले महाधिवेशनमा सहभागी हुन नेपाल आउन पाउँदा अत्यन्तै खुशी लागेको बताए । उनले यहाँको न्यानो स्वागतले आफूलाई प्रभावित गरेको बताए । जनकपुरधामको हिन्दू परम्परा तथा यहाँको संस्कृति आकर्षित गरेको समेत बताए ।

यसअघि नेपाल जेसीजले जनकपुरधाममा शान्ति र्याली समेत निकालेको थियो । रथ, टायर गाडा सहित निकालिएको र्यालीको स्वागत जनकपुरधामको चोकचोकमा गरिएको थियो ।

महाधिवेशनमा देशभरका १ सय ७४ शाखाका ५ हजार युवाको सहभागिता छ । युवाको महाकुम्भको रूपमा रहेको नेपाल जेसीजको राष्ट्रिय महाधिवेशन पुस ७ गते नयाँ नेतृत्व चयन गर्दै समापन हुनेछ ।

सम्पादकीय

# प्रदेश सरकारको स्थिरतामा अड्किएको विकास

मधेश प्रदेश सरकारको विकास खर्च जो मुख्यमन्त्री भए पनि पुस मसान्तसम्मको हिसा हेर्दा शून्यजस्तै देखिन्छ।

यसपटक धेरै मुख्यमन्त्री फेरिँदा विकासको काम शून्य छ । अहिलेसम्म सरकार विश्वासको मत लिने काममै छ। अब सभामुख चयनको मुद्दा छ। त्यसपछि मन्त्रिपरिषद् विस्तारको चरण छ।

यसरी सरकारी बनाउने काममै पुस जाने भएकाले जनताले विकासको अनुभूति भने माघमामै गर्न पाउने अवस्था छ । यसमा नै प्रदेश सरकारको आयु भएकाले जनताले प्रदेश सरकार स्थिर पाएनन् भने यस्तो अवस्था भोग्नु पर्छ । जुन मधेशमा अझ बढी भोग्नु पर्छ।

यो सरकार सात दलको हो । नबन्दै जनमतले मन्त्रालय तोकेर असन्तुष्टि देखाउँदाको बहुमत हो । यस्तो अवस्थामा दलहरुको मन्त्रालय सञ्चालनमा एकलौटी हुने पक्का छ । मालदार मन्त्रालय नै दलको मक्सद देखिन्छ । जुन पाए त्यही मन्त्रालय नदिने, योजना बाँड्ने, कार्यकर्ता व्यवस्थापन गर्ने मामलामा एमाले कांग्रेस खराब भए भनेको अवस्थामा नयाँ भनिएकाहरु झन यसैमा आँखा गाडेर बस्छन् भन्ने त जनमतको असन्तुष्टिले छताछुल्ल नै पारेको छ।

फेरि पनि बहुमतको र स्थिरको सरकारविना विकास असम्भव छ।

दलहरुको जोडजाड पर्दा पनि एकाध प्रदेश सभा सदस्यहरुको मन भाँडिदा समस्या भएर जितेन्द्र सोनल मुख्यमन्त्रीमा टिकेनन् । आफू पाए मन्त्री पनि मुख्यमन्त्री पनि, अरुलाई मन्त्री नपर्ने सभामुख भए हुने भन्ने एमाले संसदीय दलका नेताको तर्कले पनि काम गरेन । अहिले मधेशमा सरकार मधेशी दलकै हुनु पर्ने हो तर माओवादीका दुई सांसदको तर्कना भड्किँदा कांग्रेसलाई अवसर परेको छ । यो दीगो रहोस् भनेर कामना गर्ने हो, धूपै हाल्ने अवस्था त छैन।

## स्वदेशमै दुःख गर्नसके विदेशिनु पर्दैन



मधु शाही

सुनसरी, रामदुनी झुम्का–१ सकुन्तला अधिकारीका दुई छोराछोरी पाँच कक्षामा पढ्दै थिए । श्रीमान्को कमाइ थिएन । हुर्किँदै गरेका सन्तानको भविष्य बनाउने सपनासहित उनी बाध्य भएर विदेशीनुपर्ने अवस्था आयो । मेनपावरमार्फत कुवेत पुग्नुभएकी अधिकारीसँग गृहिणीका रूपमा घरायसी काम र खाना पकाउनेबाहेक अन्य अनुभव थिएन।

के कामका लागि विदेश जाँदैछु भन्नेसमेत थाहा नपाइ उनी विदेशिइन्। बदलामा दुई वर्षसम्म निकै सास्ती खेप्नुप¥यो, ऋणधन गरेर गएकी अधिकारीलाई रित्तो हात घर फर्किने सुविधा थिएन। पछि जसोतसो साथीभाइको सहायतामा उहाँले अरबीको घरमा घरेलु कामदारका रुपमा काम पाइन्।

'त्यहाँ राम्रो घरमा काम पाउनु भनेको निकै भाग्यको कुरा हो, त्यस्तै भाग्मानी रहेछु म। मैले काम पाएको घरका मान्छे निकै मनकारी रहेछन्,' अधिकारीले स्मरण गरिन्, 'काम भने धेरै गर्नुपथ्र्यो । २४सै घण्टा काममा खट्नुपर्ने अवस्थासमेत आउने।'

अचेल अधिकारीलाई त्यति समय नेपालमै श्रम बगाएको भए पनि धेरै आर्थिक लाभ हुने रहेछ भन्ने लागिरहेको छ। 'वैदेशिक रोजगारीमा जानु हामीजस्ता महिलाका लागि रहरभन्दा पनि बाध्यता नै हो। विदेश गएर दुई चार पैसा ल्याई बस्ने बास र छोराछोरी पढाउने आशमा विदेशिनुपर्ने अवस्थाका कति छन् कति,' उनी भन्छिन्।

त्यही बाध्यता अधिकारीलाई पनि थियो, त्यसैले त साढे दश वर्षसम्म छोराछोरी पढाउनकै लागि चाहेर पनि ऊी स्वदेश फिर्कन पाइनन्। 'घर आउने चाहना कसलाई हुँदैन र ? छोराछोरी काखमा च्याप्ने रहर त थियो नि मलाई पनि,' उनी भन्छिन्, 'तर, के गर्नु आउँदा जाँदा खर्च लाग्छ भनेर मन बाधेर बस्थेँ। त्यसो गर्दा गर्दै साढे दश वर्ष कुवेतमा श्रम बगाएँ।'

४० वर्षीया अधिकारी जब स्वदेश फर्किन, आफ्नै देशमा पनि शान्तले बस्न पाइनन्। परिवार, समाज र आफन्तले हेर्ने दृष्टिकोण सकारात्मक भएन । उनले आर्थिक अभावभन्दा पनि यस्तै दृष्टिकोणका कारण समस्या भोगिन्। 'छोराछोरी छोडेर विदेशिएकी महिलालाई राम्रो नजरले हेर्दा रहेनछन्, मैले धेरै नराम्रो सुन्नुपर्यो,' अधिकारीले पीडा सुनाइन् । 'समाज, परिवार र आफन्तको त्यही असहयोगी वातावरणले मानसिक समस्या भोग्नुप¥यो । डिप्रेसनको औषधि खानुपर्यो । आत्महत्या गर्ने सुर चल्यो।'

लाञ्छनाले भरिएको गहुरङ्गो र विक्षिप्त मन बोकेर बाँचिरहेकी अधिकारीलाई केही समय निकै गाह्रो भयो । पछि सहकर्मी र केही सकारात्मक सोच भएका मानिसहरूमार्फत वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरूको पुनःएकीकरण (रेमी) परियोजनासँग जोडिइन् । 'त्यहाँ गएपछि पहिलो चरणमा आत्मबल बढाउने खालको सहयोग पाएँ, पछि आर्थिक मनोबल बढाउने सामग्री उपलब्ध गराइयो,' अधिकारीले भनिन्, 'डिपफ्रिज र केही व्यवसाय गर्ने सामग्री उपलब्ध भयो। त्यसैको सहयोगमा चटपटे, पानीपुरीको व्यापार र किराना पसल सञ्चालन गरिरहेकी छु।'

त्यसपछि उनको दैनिकी फेरिएको छ। समाजका लाञ्छना पन्छाउँदै त्यही व्यापारबाट राम्रो आम्दानीसँगै स्वदेशमै सम्मानपूर्वक जीवनयापन गर्ने आधार बनिरहेको अधिकारले बताइन् । सुनसरीबाट अन्तरराष्ट्रिय आप्रवासन दिवस मनाउन श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, काठमाडौँ आएकी उनले आफ्नो प्रगती सुनाउँदै भनिन्, 'वैदेशिक रोजगारमा गएर मात्रै समस्या सुल्झिन्न रहेछ। हामीले स्वदेशमै लाज नमानी काम गर्ने हो भने अर्काको देशमा दुःख गर्नु पर्दैन । परिवारसँगै बसेर सम्मानित जीवन बाँच्न सकिने रहेछ।'

उनीजस्तै, वैदेशिक रोजगारबाट फर्केर स्वदेशमै उद्यमी बनेकी जनकपुरका नन्दु यादवको सङ्घर्ष पनि रोचक छ। कतारमा १८ वर्षसम्म श्रम गरेर फर्किएका उनले हाल माछा तथा पशुपालन व्यवसाय गरिरहेका छन् । ५६ वर्षीय यादवले आफ्नो अनुभव सुनाउँदै भने, 'विदेश जानु नराम्रो होइन, सीप सिकेर जाँदा राम्रै हुन्छ। जाँदा सीप सिकेर गइएन भने धेरै दुःख पाइन्छ । होस् गर्नुपर्छ।'

२० वर्षको कलिलो उमेरमा घरको आर्थिक अवस्था सुधार्न ७० हजार रुपैयाँ ऋण लिएर कतार पुग्नुभएका उनले त्यहाँ सोचेजस्तो कमाइ नभएको बताए। 'ऋणको ब्याज तिर्दै विदेशको पैसा सकियो । केही रकम परिवारको आवश्यकता पूर्तिकै काममा सकियो,' यादव भने, 'समस्या त घर फर्किएपछि भयो। लगानी गर्न पैसा छैन, के गर्ने, कसो गर्ने भयो। पछि रेमी परियोजनाको सहयोगमा माछा तथा पशुपालन व्यवसाय सुरु गर्दा धेरै राहत भएको छ।'

यादवका अनुसार हाल उनको फार्ममा अन्य दुई जना युवाले पनि रोजगार पाएका छन्। यसले धेरैपछि कर्म गर्नेलाई स्वदेशमै पनि आम्दानीका विभिन्न अवसर रहेको भन्ने महसुस भएको यादवले सुनाए। उनी भन्छन्, 'अर्काको देशमा नोकर बन्नुभन्दा आफ्नो देशमा साहु बनेरै कमाउन सकिँदो रहेछ ! आफ्नै देशमा पैसा पनि सम्मान पनि मिल्ने । त्यसैले वैदेशिक रोजगारमा जाने सोच बनाएकाले यस विषयमा सोच्नुपर्छ भन्ने लाग्छ।'

अधिकारी र यादव मात्रै होइन, एकपटक विदेश गएर फर्किएपछि मात्रै देशमा अवसर देख्ने गरेका

## कण्ठरोग निवारणमा सफलताः गलगाँडको समस्या शून्य

**रासस**

पछिल्ला दशकका नेपालले गलगाँड (इन्डेमिक गोइटर) अर्थात् कण्ठरोग निवारणमा ऐतिहासिक सफलता प्राप्त गरेको छ । विगतमा आयोडिनयुक्त नुनको अभावका कारण पहाडी एवं हिमाली भू–भागका बहुसङ्ख्यक नागरिकले गलगाँड रोगको चरम समस्यालाई झेल्नुपर्दथ्यो । घाँटीको अघिल्लो भागमा गलगाँड (डल्लो) नहुनुलाई अस्वाभाविक ठानिन्थ्यो । गलगाँडलाई एक प्रकारले सुन्दरताको प्रतीक मानिन्थ्यो।

यस्तो विकृतिका विरुद्धमा सरकारले कण्ठरोग नियन्त्रण कार्यक्रम मार्फत् आयोडिनयुक्त नुनको वितरण अभियानलाई देशव्यापि सञ्चालन गरेपछि पछिल्लो दशकमा गलगाँडको समस्या शून्यमा झरेको छ। नेपाल स्वास्थ्य अनुसन्धान परिषद्को पछिल्लो अध्ययन प्रतिवेदनका अनुसार आयोडिनयुक्त नुनको पहुँच लगभग शत प्रतिशत पुग्दा आयोडिनयुक्त नुनको कमीबाट देखिने गलगाँडको समस्या निवारण भएको हो।

सरकारको आयोडिनयुक्त नुनको सर्वसुलभ पहुँच आम नागरिकसम्म पुर्‍याउने नीति र यस नीतिलाई कार्यान्वयन गर्ने साल्ट ट्रेडिङ कर्पोरेशनको चुस्त वितरण व्यवस्थापनका कारण ग्रामीण क्षेत्रमा गलगाँडको समस्या शून्यमा झरेको हो । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय तथा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको प्राथमिकता प्राप्त कार्यक्रममा 'कण्ठरोग निवारण कार्यक्रम' छ । राष्ट्रिय योजना आयोगद्वारा गरिएको सो कार्यक्रमको 'आन्तरिक मूल्याङ्कन प्रतिवेदन २०७३' अनुसार दुर्गम क्षेत्रमा साल्ट ट्रेडिङ कर्पोरेशनको चुस्त नुन वितरण प्रणालीका कारण कार्यक्रमले सफलता पाएको हो।

हाल उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले आयोडिनयुक्त नुनको आपूर्ति तथा वितरण प्रणाली र स्वास्थ्य मन्त्रालयले गलगाँडका रोग पहिचान तथा उपचारमा ध्यान दिने गरेका छन् । स्वास्थ्य मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीका अनुसार पछिल्ला दशकमा विशेष गरेर पहाडी एवं हिमाली क्षेत्रमा आयोडिनको कमीले हुने गलगाँड शून्यमा झरेको छ भने अन्य 'हाइपरथाइरोइडिज्म', मानसिक तथा शारीरिक क्षमतामा कमी आउने समस्यामा गिरावट हुँदै गएका छन्।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका अनुसार आर्थिक वर्ष २०७०–७१देखि गत आर्थिक वर्षसम्म कण्ठरोग निवारणका कार्यक्रमले शत प्रतिशत नै सफलता प्राप्त गरेको छ । अर्थात् दुर्गम हिमाली तथा पहाडी भुगोल भएका २२ जिल्लामा आयोडिनयुक्त नुनको सुलभ, सहज आपूर्ति मार्फत तथा आम जनताको सहज पहुँच पु¥याएकाले कार्यक्रमले सफलता प्राप्त गरेको हो। ती जिल्लामा विशेष गरेर गलगाँडको जोखिम रहने एवम् समस्या हुन सक्ने सम्भावित आँकलन समेत गरिएको छ।

गत आवमा मात्र मन्त्रालयले कर्पोरेशनमार्फत् एकलाख दुई हजार ५ सय क्विन्टल नुनको सहज आपूर्ति गरेको थियो । मन्त्रालयका सहसचिव शिवराम पोखरेल आयोडिनयुक्त नुनको आपूर्ति र वितरण प्रणालीमा साल्ट ट्रेडिङ कर्पोरेशनको भूमिका ऐतिहासिक रहेको बताउँछन्। उनी भन्छन्, 'कर्पोरेशनको चुस्त वितरण र व्यवस्थापन तथा आपूर्ति प्रणाली सहज भएकाले आम जनताको सहज पहुँचमा आयोडिन युक्त पु¥याउन सरकार सफल भएको हो । सरकारले मागका आधारमा दुर्गम क्षेत्रमा नुनका आपूर्ति पनि बढाउँदै लगेको छ।' आव २०७०–७१ मा दुर्गमका २२ जिल्लामा ५९ हजार ५ सय ७३ क्विन्टर पुर्‍याइएको थियो।

**दुर्गम गाउँका भन्साभान्सामा आयो नुन**

कालिकोट, तिलागुफा नगरपालिकाका प्रमुख शंकरप्रसाद उपाध्याय आयो नुनको पहुँच नगरवासीको भन्साभान्सासम्म पुगेको बताउँछन् । उनी भन्छन्, 'अब सहुलियत दरको नुन वितरणको जिम्मा पालिकालाई नै दिनुपर्छ । आगामी दिनमा आयोडिनयुक्त नुनको चुस्त वितरण र व्यवस्थापन गर्न उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले दुर्गम जिल्लामा नुनको बिक्री डिपो थप गर्नुपर्छ । यसका लागि समन्वय गर्न पालिका तयार रहेका छन् ।' तिलागुफा–१ का वडाध्यक्ष मनबहादुर बुढा गाउँमा 'ढिके नुन खानु हुँदैन, यसमा आयोडिन हुँदैन' सचेतना बढेको, ढिके नुन बस्तुभाउलाई खुवाउन छाडिएको बताउँछन् । उनी भन्छन्, 'आयोडिनयुक्त नुनका बारेमा सचेतना त पुग्यो तर अझ सर्वसुलभ पहुँच पुग्न कठिन नै छ। सहुलियत दरका नुन वितरण प्रणालीलाई चुस्त बनाउनुपर्छ। यसमा सङ्घीय सरकारले नुनको बिक्री डिपो थप गर्नुपर्छ।'

सोही नगरपालिकास्थित सत्यदेवी माविका प्रधानाध्यपक सनम शाही विद्यालयले समय समयमा आयोडिन नुनको महत्वका बारेमा विद्यार्थीलाई सचेतनाका कक्षा लिने गरेको जानकारी दिए । उनी भन्छन्, 'दुई बालबालिका चिन्ह भएको 'आयो नुन', 'भानु नुन'को महत्वका बारेमा जानकारी दिंदा भान्सामा ढिके नुनको प्रयोग हुन छाड्यो । गलगाँड भएका मानिस गाउँमा अहिले देखिँदैनन्।'

कालिकोट, सान्नी त्रिवेणाी गाउँपालिकाका अध्यक्ष मोहनबहादुर केसी पालिकाभित्र ढिके नुनको प्रयोग गर्ने घर लगभग शून्यमा रहेको जानकारी दिन्छन् । उनी भन्छन्, 'सरकारको आयोडिनयुक्त नुनको सर्वसुलभ पहुँच आम नागरिकसम्म पु¥याउने नीति र यस नीतिलाई कार्यान्वयन गर्ने साल्ट ट्रेडिङ कर्पोरेशनको चुस्त वितरण व्यवस्थापनका कारण भान्सा भान्सामा आयोडिनयुक्त नुन आइपुगेका छन्। तर सहुलियत दरका नुनको कोटा बढाउनुपर्छ।' अध्यक्ष केसीले गाउँमा 'दुई बालबालिका चिन्ह अङ्कित आयोडिन नुनको प्रयोग गर्नुपर्छ' भन्ने सचेतना बढेको बताउँछन्।

सान्नी त्रिवेणी–९ स्थित मुम्रा स्वास्थ्य चौकीका प्रमुख धीरेन्द्र केसी आयोडिनयुक्त नुनको कमीले देखापर्ने गलगाँडका बिरामी गाउँमा नभएको जानकारी दिन्छन् । उनका अनुसार शरीरमा आयोडिनको कमीले गर्भवतीलाई असर पर्छ। गर्भ तुहिने, मृत शिशु जन्मने, अविकसित दिमाग भएको शिशु जन्मने, शारीरिक रूपमा विकलाङ्क हुने लगायत सम्भावना हुन्छ। सान्नी त्रिवेणी–९ स्थित डाँफे माबिका प्रधानाध्यपक दूर्गाबहादुर केसी बालबालिकामा आयोडिनयुक्त नुनको कमीले हुने गलगाँड नदेखिएको बताउँछन्।

जुम्ला चन्दननाथ नगरपालिकाका उपप्रमुख रामदेवी खड्का पछिल्ला समय ढिके नुनलाई प्रयोग गर्ने प्रचलन लगभग अन्त्य भएको बताउँछिन् । उनी भन्छिन्, 'आयोडिनयुक्त नुन प्रयोग गर्नुपर्छ भन्ने सचेतना त बढेको छ । कति मात्रमा गर्ने हो,यसका बारेमा समुदायलाई जानकारी दिन आवश्यक छ। ग्रामीण क्षेत्रका भान्सासम्म आयो नुनको पहुँच पु¥याउन साल्ट ट्रेडिङ कर्पोरेशनको भूमिका प्रशंसनीय रहेको छ।'

सोही नगरपालिकाका जनस्वास्थ्य अधिकृत कमला पुन मगर नगरक्षेत्रमा हालसम्म आयोडिनयुक्त नुनको कमीले हुने गलगाँडका बिरामी नदेखिएको जानकारी दिन्छन् । उनका अनुसार आयोडिनको कमी भएका बालबालिकाको मानसिक विकास राम्ररी नहुने, पढाइमा कमजोर हुने, सुस्त मनस्थिति, बोल्न नसक्ने, आँखा डेढो हुने र शारीरिक विकासमा पनि बाधा पुग्छ। साथै वयस्कमा आयोडिनको कमी भएमा गलगाँड आउने, थाइराइड, मानसिक, शारीरिक क्षमतामा कमीजस्ता असर देखिन्छन् । बालबालिकामा हुने न्यूरोलोजिकल क्रेटिनिज्मको मुख्य कारण आयोडिनको कमी नै हो । सोही नगरपालिकाका शिक्षा शाखा प्रमुख खडानन्द चौलागाई विद्यालयमा आयोडिनयुक्त नुनको महत्वका बारेमा बालबालिकालाई समय समयमा जानकारी दिने गरेको बताए।

**'थोरै खाऔँ, मात्रा मिलाएर खाऔँ'**

पछिल्लो सयम देशभर बार्षिक दुइलाख टनभन्दा बढी आयोडिन युक्त नुनको माग हुँदै आएको छ । यही मागअनुसार नै साल्ट ट्रेडिङ कर्पोरेशनले आयोडिन युक्त नुनको सुलभ र सहज आपूर्ति गर्दै आएको छ। कर्पोरेशनका प्रबन्धक ब्रजेश झाका अनुसार गत आवमा कर्पोरेशनले दुई लाख १० हजार टन आयोडिनयुक्त नुन बिक्री गरेको थियो । अर्कोतर्फ कर्पोरेशनले नुन आपूर्तिमा तत्काल अबरोध आउन नदिन ६ महिनासम्मलाई पुग्ने नुन आफ्ना गोदाममा मौज्दातमा राख्दै आएको छ । उनी भन्छन्, 'सरकारको कार्यादेश अनुसार नै आयोडिनयुक्त नुनको नियमित आपूर्ति र वितरण हुँदै आएको छ ।' उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिव पोखरेल आयोडिनयुक्त नुनको आपूर्ति तथा वितरणलाई साल्ट ट्रेडिङ कर्पोरेशनले चुस्त बनाएकै कारण गलगाँड निवारणमा ऐतिहासिक हात परेको बताउँछन्। उनी भन्छन्, 'कर्पोरेशनलाई नुनको एकाधिकार दिंदा मूल्यमा समेत सरकारले नियन्त्रण गर्न पाइरहेको छ। सरकारकै नियन्त्रणमा रहेकाले नुनको मूल्यवृद्धि हुन नपाएको हो।'

निजी क्षेत्रलाई नुनको कारोबारमा प्रवेश गराउँदा आपूर्ति व्यवस्थामा सङ्कट आइपर्ने विश्लेषकले जनाएका छन् । नुन अत्यावश्यक वस्तु भएकाले सरकारको नीतिभित्रै राख्नुपर्ने माग गरिइएको छ।

'आयोडिन' शरीरलाई दैनिक रूपमा नभई नहुने सूक्ष्म पोषक तत्व हो। सरकारले 'थोरै खाऔँ, सही मात्रामा खाऔँ' भन्दै दुई बालबालिका अङ्कित चिह्न भएको नुन खान आग्रह गर्दै आएको छ। नुनले थाइरोड ग्रन्थिबाट थाइरोइड हर्मोनहरू निकाल्न मद्दत गर्दछ। शरीरको नियमित क्रियाको लागि जस्तै कोशिकाहरूको कार्य सुचारु राख्न, दिमागको वृद्धि र विकास गर्नजस्ता मुख्यमुख्य काममा सहयोग गर्दछ । शारीरिक र मानसिक विकासका लागि चाहिने हर्मोन उत्पादनका लागि पनि आयोडिनको आवश्यकता पर्दछ। रासस

## इयुको ९० अर्ब युरो सहयोग सम्झौता

युरोपेली सङ्घ (इयु) का नेताहरूले युक्रेनलाई आगामी दुई वर्षसम्म सैन्य तथा आर्थिक आवश्यकताहरू पूरा गर्न ९० अर्ब युरो बराबरको ब्याज–मुक्त ऋण उपलब्ध गराउने सहमति जनाएका छन्। यद्यपि, कोष जुटाउन फ्रिज गरिएको रुसी सम्पत्तिहरू प्रयोग गर्ने योजनामा बेल्जियमसँगको मतभेद समाधान हुन सकेको छैन।

लगभग चार वर्षदेखि जारी युद्धका कारण युक्रेनको अर्थतन्त्र अत्यन्तै दबाबमा रहेको छ।

अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ) ले सन् २०२६ र २०२७ मा युक्रेनलाई करिब एक खर्ब ३७ अर्ब युरो (एक खर्ब ६१ अर्ब अमेरिकी डलर) आवश्यक पर्ने अनुमान सार्वजनिक गरिसकेको छ । किएभ सरकार टाट पल्टिने सङ्घारमा पुगेको बताइँदै आएको छ र वसन्तसम्म नगद अभाव झेल्नुपर्ने अवस्था रहेको छ।

युरोपमा प्रायः बेल्जियममा अवस्थित करिब दुई खर्ब १० अर्ब युरो (दुई खर्ब ४६ अर्ब डलर) बराबरका रुसी सम्पत्तिहरू फ्रिज अवस्थामा रहेका छन्। तीमध्ये केही सम्पत्ति प्रयोग गरी युक्रेनलाई सहयोग गर्ने प्रस्ताव अघि सारिएको थियो । तर, बेल्जियमले यसलाई कानूनी रूपमा जोखिमपूर्ण भन्दै आपत्ति जनाएपछि सहमति जुट्न सकेन।

इयुका नेताहरूले बिहीबार रातिसम्म बेल्जियमलाई 'क्षतिपूर्ति ऋण' योजनामा समर्थन गरेमा सम्भावित रुसी प्रतिशोधबाट जोगाउने आश्वासन दिन गहन प्रयास गरेका थिए। तर अन्ततः उक्त विकल्प प्रयोग नगर्ने निर्णय भयो । वार्ता अवरुद्ध भएपछि नेताहरूले पूँजी बजारबाट ऋण उठाएर युक्रेनलाई सहयोग गर्ने बाटो रोजे।

युरोपेली आयोगका अध्यक्ष एन्टोनियो कोस्टाले सामाजिक सञ्जालमार्फत भने, 'हामीसँग सम्झौता भएको छ। सन् २०२६–२७ का लागि युक्रेनलाई ९० अर्ब युरो सहयोग गर्ने निर्णय स्वीकृत भएको छ । हामीले प्रतिबद्धता जनायौँ र हामीले त्यसलाई पूरा गर्‍यौँ।' सबै सदस्य राष्ट्रले भने यो ऋण प्याकेजमा पूर्ण समर्थन जनाएनन् । हङ्गेरी, स्लोभाकिया र चेक गणतन्त्रले युक्रेनलाई समर्थन गर्न असहमति जनाउँदै विरोध जनाए। तर अन्ततः यस्तो समझदारी कायम भयो, जसअनुसार ती देशहरूले प्याकेज अवरुद्ध नगर्ने र कुनै पनि सम्भावित वित्तीय जोखिमबाट सुरक्षा दिने वाचा गरियो।

हङ्गेरीका प्रधानमन्त्री भिक्टर ओर्बनले भने, 'म युरोपेली सङ्घ युद्धमा तानिन चाहँदिनँ ।' उनका अनुसार, 'पैसा दिनु भनेको युद्धमा संलग्न हुनु हो । साथै, उहाँले फ्रिज गरिएका रुसी सम्पत्तिहरू प्रयोग गर्ने असफल योजनालाई 'मृत अन्त्य' को संज्ञा दिए। ओर्बन रुसी राष्ट्रपति भ्लादिमिर पुटिनका युरोपमा सबैभन्दा नजिकका सहयोगीका रूपमा चिनिन्छन् र आफूलाई शान्ति निर्माता मान्छन्।

फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोनले भने युक्रेन र यसको युद्ध प्रयासहरूलाई सहयोग गर्न पूँजी बजारबाट ऋण लिनु 'सबैभन्दा यथार्थवादी र व्यावहारिक उपाय' भएको बताउँदै यस सम्झौतालाई ठूलो प्रगति भएको टिप्पणी गरे।

जर्मन चान्सलर फ्रेडरिक मेर्जले पनि यो निर्णयको स्वागत गरे। 'युक्रेनका लागि वित्तीय प्याकेजलाई अन्तिम रूप दिइएको छ,' मेर्जले जारी गरेको विज्ञप्तिमा उल्लेख छ, 'युक्रेनलाई शून्य ब्याज ऋण प्रदान गरिएको छ।'

उनका अनुसार यी कोषहरू आउँदो दुई वर्षका लागि युक्रेनको सैन्य तथा बजेटीय आवश्यकताहरू पूरा गर्न पर्याप्त हुनेछन्। रुसले युद्ध क्षतिपूर्ति नदिएसम्म फ्रिज गरिएका सम्पत्तिहरू अवरुद्ध नै रहने उनले स्पष्ट पारे । युक्रेनी राष्ट्रपति भोलोदिमर जेलेन्स्कीका अनुसार युद्धको कुल लागत छ खर्ब युरो (सात खर्ब डलर) भन्दा बढी पुग्नेछ।

मेर्जले भने, 'यदि रुसले क्षतिपूर्ति भुक्तानी गरेन भने हामी अन्तर्राष्ट्रिय कानूनअनुसार रुसी अचल सम्पत्तिहरू ऋण फिर्ता गर्न प्रयोग गर्नेछौँ ।' पाँच दक्षिण अमेरिकी राष्ट्रहरूसँग प्रस्तावित व्यापार सम्झौताविरुद्ध आक्रोशित किसानहरूको उग्र विरोध भइरहेका बेला आयोजित शिखर सम्मेलनमा सहभागी हुन ब्रसेल्स पुगेका राष्ट्रपति जेलेन्स्कीले नयाँ वर्षसम्म युक्रेनलाई स्थिर राख्न छिटो निर्णय गर्न अपिल गरेका थिए।

पोल्यान्डका प्रधानमन्त्री डोनाल्ड टस्कले बिहीबार बिहान युक्रेनलाई सहयोग गर्न ढिलाइ भए 'आज पैसा नपठाए भोलि रगत बग्न सक्छ' भन्ने चेतावनी दिए।

बेल्जियमका प्रधानमन्त्री बार्ट डे वेभरले भने फ्रिज गरिएका रुसी सम्पत्तिहरू प्रयोग गर्ने योजना कानूनी रूपमा जोखिमपूर्ण भएको बताउँदै अस्वीकार गरे । उनले यसले ब्रसेल्सस्थित वित्तीय समाशोधन संस्था यूरोक्लियरको व्यवसायमा नकारात्मक असर पार्न सक्ने चेतावनी दिए। जहाँ करिब एक खर्ब ९३ अर्ब युरो (दुई खर्ब २६ अर्ब डलर) बराबरको सम्पत्ति फ्रिज भएको छ।

बेल्जियम हालै रुसी केन्द्रीय बैंकले यूरोक्लियरविरुद्ध मुद्दा दायर गरेपछि थप दबाबमा परेको छ। सन् २०२२ मा पूर्ण–स्तरको युद्ध शुरु भएपछि इयु प्रतिबन्धअन्तर्गत ती सम्पत्तिहरू फ्रिज गरिएका थिए। 'मेरो विचारमा क्षतिपूर्ति ऋण राम्रो उपाय थिएन,' डि वेभरले बैठकपछि पत्रकारहरूसँग भने, 'पाठलाई फेरि व्याख्या गर्दा धेरै प्रश्नहरू देखा परे । धेरै ढिला अन्त्यहरू थिए र यदि तपाईंले तीमध्ये कुनै एउटा तान्नुभयो भने सम्पूर्ण संरचना भत्किन सक्छ।'

उनले भने, 'हामीले विश्वव्यापी कानूनी निश्चिततालाई कमजोर पार्ने जोखिमबाट आफूलाई जोगायौँ । कठिन अवस्थामा पनि, दबाबका बीच पनि, हामीले युरोप कानूनको सम्मान गर्छ भन्ने सिद्धान्तको रक्षा ग¥यौँ । यसले इयुले बलियो राजनीतिक सन्देश दिएको छ—युरोप युक्रेनको पछाडि दृढतापूर्वक उभिएको छ।'

यद्यपि, अध्यक्ष कोस्टाले स्पष्ट पार्दै भने, 'इयुले यो ऋण चुक्ता गर्न भविष्यमा अचल सम्पत्तिहरू प्रयोग गर्ने आफ्नो अधिकार सुरक्षित राखेको छ।' एएफपी

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ । मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो । बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।

## संक्रमण बढ्दो, बजेट घट्दोः

# एचआइभी कार्यक्रम प्रभावकारी बनाउनुपर्नेमा जोड

**मधेशदृष्टि**
**वीरगंज ।**

एचआइभी एड्सको संक्रमण रोकथामका लागि संघ सरकारको बजेट मात्रै पर्याप्त नहुने भन्दै स्थानीय र प्रदेश सरकारले पनि यस क्षेत्रमा लगानी बढाउनुपर्ने आवश्यकता औँल्याइएको छ । एचआइभीसम्बन्धी कार्यक्रमहरू कागजमै सीमित नभई प्रभावकारी रूपमा कार्यान्वयन हुनुपर्नेमा सहभागीहरूले जोड दिएका छन् ।



एड्स हेल्थ केयर फाउन्डेसन (एएचएफ) नेपाल र राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्रको संयुक्त आयोजनामा वीरगंजको होटल मकालुमा आयोजित पत्रकार अन्तरक्रियामा नेपालमा एचआइभी कार्यक्रमको वर्तमान अवस्था, चुनौती र आगामी रणनीतिबारे छलफल गरिएको हो ।

कार्यक्रममा राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्रका निर्देशक डा. सर्वेश शर्माले राष्ट्रिय एचआइभी कार्यक्रमको अवस्थाबारे प्रस्तुति दिँदै सन् २०३० सम्ममा नेपालमा एड्स इपिडेमिक अन्त्य गर्ने लक्ष्यअनुसार केन्द्रले समावेशी र पहुँचयोग्य सेवा सुनिश्चित गर्ने काम गरिरहेको जानकारी दिए । उनका अनुसार हाल नेपालमा ३४ हजार ३ सय ३७ जना एचआइभी संक्रमित छन्, जसमध्ये ५८ प्रतिशत पुरुष र ४२ प्रतिशत महिला छन् । १४ वर्षमुनिका संक्रमितको संख्या १ हजार ५८ रहेको छ भने मधेश प्रदेशमा ४ हजार ६ सय ८७ उपचाररत छन् ।

हाल देशका ६४ जिल्लामा रहेका ९६ वटा एआरटी सेन्टरमार्फत एचआइभीसम्बन्धी सेवा प्रवाह भइरहेको उल्लेख गर्दै डा. शर्माले भारतसँग खुला सीमा जोडिएका क्षेत्रमा संक्रमणको जोखिम बढी रहेको बताए । संक्रमित आमाबुबालाई नियमित औषधि सेवनमा जोड दिनु र बच्चामा संक्रमण हुन नदिन विशेष ध्यान दिनुपर्ने उनको भनाइ थियो ।

यौनरोग नियन्त्रणका कार्यक्रममा बजेट अभाव, एआरटी काउन्सिलरको कमी र हरेक वर्ष संक्रमितको संख्या बढ्दै जानु चिन्ताको विषय बनेको उनले बताए । सेवा विस्तार हुँदै गए पनि यस क्षेत्रमा सरकारको बजेट भने घट्दै गएकोप्रति उनले चिन्ता व्यक्त गरे ।

कार्यक्रममा स्वास्थ्य कार्यालय पर्साका प्रमुख बिनोद झा र वीरगंज महानगरपालिकाको जनस्वास्थ्य प्रवद्र्धन शाखाका प्रमुख राजु साहले जिल्ला र महानगरभित्र एचआइभी परीक्षण, उपचार र सचेतनाका क्षेत्रमा भइरहेका कामहरूको जानकारी गराए ।

एएचएफ नेपालका बजार तथा कार्यक्रम व्यवस्थापक राधेश्याम श्रेष्ठले संस्थाबारे जानकारी दिँदै एड्स हेल्थ केयर फाउन्डेसन ४९ देशमा एचआइभी तथा यौनरोगको क्षेत्रमा कार्यरत गैरनाफामूलक संस्था रहेको बताए । विश्वभर करिब २६ लाख एचआइभी संक्रमितलाई सेवा प्रदान गर्दै आएको एएचएफले सन् २००९ देखि नेपालमा टेकु अस्पतालबाट एआरटी सेवा शुरु गरेको र हाल १७ जिल्लामा कार्यक्रम सञ्चालन भइरहेको जानकारी दिए ।

एचआइभी परीक्षण, समुदायस्तरमै उपचार, टीबी स्क्रिनिङ र सचेतनाका कार्यक्रममार्फत नेपाल सरकारलाई सहयोग गरिरहेको उनको भनाइ थियो ।

कार्यक्रमको उद्देश्यबारे एएचएफ नेपालका वरिष्ठ कार्यक्रम संयोजक कृष्णहरि सापकोटाले प्रकाश पारेका थिए ।

# वर्षौंदेखि अलपत्र सिँचाइ आयोजना जनश्रमदानबाट सम्पन्न



**मधेशदृष्टि**
**वीरगंज ।**

वर्षौंदेखि अलपत्र परेको सिँचाइ आयोजनालाई जनश्रमदानबाट सम्पन्न गरेर गाउँलाई नै हराभरा बनाउन सकिन्छ भन्ने उदाहरण दिएका छन् पर्साको ठोरी र जिराभबानी गाउँका बासिन्दाले ।

पर्साको जिराभवानीपुरमा सङ्घीय सरकारको बजेटमा निर्माण शुरु भएर आठ वर्षदेखि अलपत्र पर्दै आएको घोडेमसान सिँचाइ आयोजनालाई किसानले आफ्नै प्रयासमा श्रमदान गरी पानी सञ्चालन गरेका छन् ।

मानव बस्तीभन्दा करिब २५ किलो मिटर टाढा उत्तरतर्फको पर्सा राष्ट्रिय निकुञ्जको जङ्गलमा रहेको घोडेमसान खोलाको पानी ल्याएर सिँचाइ गर्न सङ्घीय सरकारले आर्थिक वर्ष २०७३–७४ सालमा १८ करोड रुपैयाँको लगानीमा आयोजना शुरु गरेको थियो । उपभोक्ता समितिमार्फत निर्माण हुने भनिएको आयोजना अन्तर्गत निकुञ्जको जङ्गलभित्र कुलो निर्माण कार्यको लागि ६५ लाख र आवादी क्षेत्रमा कुलो निर्माण कार्यको लागि ८५ लाख रुपैयाँ लगानी भएको थियो ।

सिँचाइका लागि पानी ल्याउन कतिपय खहरे खोलामा पक्की साइफन (अन्डरग्राउन्ड कुलो) समेत निर्माण गरिएको थियो । तर बजेटको निरन्तरता नहुँदा आयोजना अलपत्र परेर निर्माण भएका अधिकांश स्थानका कुलो पुरिएको र भत्किएको अवस्थामा पुगेको थियो ।

जिराभवानी गाउँपालिकाको हरैया, वसन्तपुर, काठमाडौँटोल, तिनटोलिया, शान्तिनगर तथा ठोरी गाउँपालिका वडा नम्बर ५ मा पर्ने गडुवालाइन, क्षेत्रीलाइन, बथेटोलका किसानले कुलो र साइफनको मर्मत गरेर एक साताअघिबाट पानी सञ्चालनमा ल्याएका हुन् । दैनिक ४०–५० जना किसानहरूले जङ्गल प्रवेश गरी बाँध र कुलो मर्मतको लागि श्रमदान गरेसँगै अहिले अलपत्र आयोजनाबाट पानी सञ्चालन भएपछि यस क्षेत्रका किसानले गहुँबाली, सुर्तीलगायतका हिउँदे बालीमा सिँचाइ गरिरहेका जिराभवानी गाउँपालिका वडा नम्बर १ शान्तिनगरका किसान बासु श्रेष्ठले बताए ।

श्रेष्ठको अनुसार पर्सा राष्ट्रिय निकुञ्ज प्रशासनबाट खोलाको बाँध निर्माण तथा जङ्गलभित्रको कुलो मर्मतका लागि आवश्यक प्रक्रिया अपनाई कागजात तयार पारेर एक महिनाअघि जङ्गल प्रवेशको लागि अनुमति लिइएको थियो । घोडेमसान खोलाको पानीले यस क्षेत्रको करिब एक हजार पाँच सय बिघा जमिनमा सिँचाइ गर्न सकिने किसानहरूको भनाइ छ ।

ठोरी गाउँपालिका वडा नम्बर ५ का किलान देवीप्रसाद दहालले जनश्रमदानबाट घोडेमसान खोलाको साथसाथै सितलपुर खोलाको पानी पनि ल्याउने प्रयास भइरहेको बताए । ती दुई खोलाको पानी ल्याउन सकेको खण्डमा जिराभवानी र ठोरी गाउँपालिकाका हजारौँ बिघा खेतमा सिँचाइ गर्न सकिने दहालले दाबी गरे ।

पर्साको सुवर्णपुरबाट उत्तरतर्फ करिब २५ किलोमिटर टाढा पर्सा राष्ट्रिय निकुञ्जभित्र चुरे फेदीमा रहेको घोडेमसान खोलामा बाँध बाँधेर ३ दशक अगाडि कुलो निर्माण गरेर यस क्षेत्रमा सैयौँ बिघा खेतमा स्थानीय किसानले आफैँ श्रमदान गरी सिँचाइ सुविधा उपभोग गर्दै आएको इतिहासलाई खोतल्दै अहिले फेरि ठोरी र जीराभवानीका बासिन्दा सुक्खा र खडेरीसँग जुध्न घोडेमसान कुलोको मुहानमा पुगेको श्रमदान गरी अलपत्र आयोजनालाई पूरा गरेको स्थानीय युवा निरोज प्रधानले बताए ।

# नेशनल मेडिकल कलेज र आशा किरण केन्द्रबीच स्वास्थ्य सम्झौता



**मधेशदृष्टि**
**वीरगंज ।**

नेशनल मेडिकल कलेज र आशा किरण केन्द्रबीच औपचारिक सम्झौतामा हस्ताक्षर भएको छ । केन्द्रको ११औँ वार्षिकोत्सवको विशेष कार्यक्रम आयोजना पनि भएको थियो । सम्झौताको उद्देश्य केन्द्रका कर्मचारी, अभिभावक र विकासात्मक चुनौती भएका बालबालिकालाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नु हो ।

सम्झौताअनुसार नेशनल मेडिकल कलेजले आकस्मिक घटना, आपत्कालीन स्वास्थ्य सेवा र क्यासलेस थर्ड पार्टी इन्स्योरेन्स सुविधा उपलब्ध गराउनेछ ।

साथै, ओपिडी, डे–केयर, सामान्य बेड, आइसियू एनआइसियू पिक्यू, सर्जरी, प्रयोगशाला परीक्षण, एक्स–रे, भिडियो एक्स–रे, सिटी स्क्यान, एमआरआइ, फार्मेसी तथा डेन्टल प्रक्रियामा छुट प्रदान गरिनेछ भने बालबालिकाका लागि छुट विशेष रूपमा लागू हुनेछ ।

कार्यक्रममा नेशनल मेडिकल कलेजबाट डा. इशरत जाहान अन्सारी अस्पताल निर्देशक, इ. प्रदीप कुमार चौधरी, सिआइओ र जितेश चन्द्र दास मार्केटिङ म्यानेजर उपस्थित थिए भने आशा किरण केन्द्रका सुनिल गुप्ता संस्थापक एवम् अध्यक्ष उपस्थित थिए ।

कार्यक्रममा अन्य प्रमुख व्यक्तित्वहरू पनि उपस्थित थिए, सशस्त्र प्रहरी पर्सा १३ नम्बर गण एसपी पूर्णचन्द भट्ट, उद्योगपति सुरेश रुँगटा, मानवसेवा आश्रम, वीरगंजका संस्थापक देवेश, कार्यक्रम अध्यक्ष सुनिल गुप्ता र मुख्य अतिथि डा. बसन्त पन्त अन्नपूर्ण न्युरोलोजिकल इन्स्टिच्युटका अध्यक्ष थिए ।

सम्झौता एकवर्षका लागि लागू हुनेछ र आवश्यकताअनुसार दुवै पक्षको सहमतिमा नवीकरण गर्न सकिनेछ । कार्यक्रममा स्वास्थ्य सेवा र सामाजिक दायित्वबीचको सहकार्यलाई थप सुदृढ बनाउने विश्वास व्यक्त गरिएको छ । सम्झौताको पक्षमा नेशनल मेडिकल कलेजका अस्पताल निर्देशक डा. इशरत जाहान अन्सारी र आशा किरण केन्द्रका संस्थापक एवम् अध्यक्ष सुनिल गुप्ताले हस्ताक्षर गरेका छन् ।

# ठोरी– भरतपुर हुलाकी सडकमा कालोपत्रे

**मधेशदृष्टि**
**ठोरी ।**

पर्साको ठोरीदेखि चितवन सदरमुकाम भरतपुर जोडने हुलाकी सडकमा कालोपत्रे शुरु भएको छ । सडकको माडी नगरपालिका खण्डमा कालोपत्रे शुरु भएको हो । माडी नगरपालिका वडा नं. ९, घाँघरखोलादेखि सोही वडाको कृष्णनगर, टम्टा बजारसम्म कालोपत्रे आस्फाल्ट राख्ने कार्य अगाडि बढेको छ ।

कालोपत्रेको ठेकदार कम्पनी बज्रगुरु कन्स्ट्रक्सनले बिहीबारबाट काम शुरु गरेकामा शनिबार गणेशकुञ्ज चोकसम्म जनाउदै पुस १५ सम्मभित्र कृष्णनगर स्कुलसम्म कालोपत्रे गरिसक्ने योजना बनाएको छ । कन्स्ट्रक्सनका प्रतिनिधि तुलसी घिमिरेका अनुसार देबेन्द्रपुरको परुई खोलादेखि ठोरी भन्दा सात किलोमिटर पश्चिमतर्फको बगही खोलासम्म कालोपत्रे गरिनेछ । करिब आठ किलोमिटर लम्बाइ र सात मिटर चौडाइको कालोपत्रे सडक, हुलाकी राजमार्ग निर्देशनालय योजना कार्यालय वीरगंजको ३५ करोड रुपैयाँ लागतमा निर्माण भइरहेको हो ।

ठोरी–भरतपुर हुलाकी सडक विभिन्न खण्डमा निर्माण भइरहेको छ । सडक निर्माण भएपछि ठोरी–नारायणगढको सडक दूरी करिब ५० किलोमिटरको हुनेछ भने वीरगंजदेखि भरतपुरको दूरी करिब १ सय १० किलोमिटर हुने भएको छ ।

# अहमदिया संघद्वारा निःशुल्क आँखा शिविर

**मधेशदृष्टि**
**वीरगंज ।**

अहमदिया संघ नेपालले शनिबार बिन्दवासिनी गाउँपलिकाको वडा नं ५ प्रसौनीभाठामा निःशुल्क आँखा शिविर गरेको छ । मसरुर माध्यमिक विद्यालय परिसरमा भएको आँखा शिविरमा आँखाको विशेष जाँचका साथै निःशुल्क औषधि वितरण गरिएको थियो । मोतियाबिन्दु देखिएका बिरामीका लागि निःशुल्क शल्यक्रिया व्यवस्था गरिएको आयोजकले जनाएको छ ।

अहमदिया संघ नेपालको आयोजना तथा नेपाल नेत्र ज्योति संघ–केडिया आँखा अस्पतालको संयुक्त सहयोगमा शिविर भएको अहमदिया संघ पर्सा बारा इन्चार्ज हासिम अहमदले बताए । संघका राष्ट्रिय अध्यक्ष कमरुल होदा अन्सारीको अध्यक्षता तथा विन्दवासिनी गाउँपालिकाका अध्यक्ष प्रमोद तिवारीको प्रमुख आतिथ्य रहेको शिविरमा ४ सय ७६ जनाको आँखा परीक्षण भएको १ सय ८० जनामा मोतियाबिन्दु फेला परेको केडिया आँखा अस्पतालका प्राविधिक डा. रासदेव साहले जानकारी दिए । शिविरमा डा. शिवशंकर, फिजिसियान डा. अनिल कुमार साहलगायतले सेवा दिएका थिए ।

# नेपाल–भारत सीमामा फलामे तारजाली



**मधेशदृष्टि**
**वीरगंज ।**

जगंली जनावरबाट बाली जोगाउन ठोरी मालीबस्तीको नेपाल भारत सीमामा फलामे तारजाली लगाइएको छ ।

पर्साको ठोरी सँग जोडिएको भारतको नेशनल टाइगर रिजर्भ जगंलीबाट ग्रामीण बस्तीमा प्रवेश गर्नै जगंली जनावरले बालीनाली खाएर क्षति पु¥याउन थालेपछि भारतसँगको सीमा जोडिएको पर्साको ठोरी गाउँपालिका वडा नम्बर ४ मालीबस्तीका किसानको बाली सुरक्षाका लागि दशगजा क्षेत्रमा फलामे तारबार लगाइएका हुन् ।

भारतीय सुरक्षाकर्मीकै सहमतिमा मालीबस्तीस्थित दशगजा क्षेत्रमा १ किलोमिटर सीमामा फलामे तारबार लगाइएको हो ।

सूर्य नेपाल प्रालिको आर्थिक सहयोगमा २५ लाख रुपैयाँ खर्च गरेर फलामे तारजाली लगाइएको स्थानीय किसान मोहन श्रेष्ठले जानकारी दिए ।

श्रेष्ठका अनुसार, सीमा क्षेत्रमा वन्यजन्तुले खेतीबाली नष्ट गर्ने समस्या गम्भीर बन्दै गएपछि किसानहरुले सूर्य नेपालसँग ३ किमी सीमा क्षेत्रमा फलामे तार जाली निर्माण गरी उपलब्ध गराइदिन अनुरोध गरेकोमा पहिलो चरणमा अहिले १ किमी तारजाली निर्माण गरि छेकबार लगाइएको हो । बाँकी दुई किलोमिटर क्षेत्रमा पनि क्रमशः तारजालीको छेकबार लगाउने योजना रहेको श्रेष्ठले जानकारी दिए ।

मालीबस्तीमा भारतको नेशनल टाइगर रिजर्भ जगंलीबाट आउने जङ्गली जनावरले किसानको खेतमा पसेर बाली क्षति पु¥याउँदै आएका छन् । सो क्षेत्रमा बाघको आक्रमणबाट दुई जना मानिसको ज्यान समेत गइसकेको छ । यही कारण किसानहरुले सूर्य नेपालसँग ३ किमी क्षेत्रमा फलामे तारजाली निर्माणका लागि अनुरोध गरेका थिए । नेपाल–भारत दुवै पक्षका सीमा सुरक्षा बलको सहमतिको आधारमा सीमा क्षेत्रमा तारजाली लगाइएको कारण विवाद उत्पन्न नभएको श्रेष्ठले बताए ।

सीमामा फलामे तारजाली लगाए सँगै जगंली जनावरबाट हुने क्षति रोकिएपछि किसानलाई राहत भएको ठोरी गाउँपालिकाका अध्यक्ष लाल बहादुर श्रेष्ठले बताए ।


## कम्पनीको नाम परिवर्तनसम्बन्धी सूचना

**प्रथमपटक प्रकाशित मितिः २०८२ पुस ६ गते**

श्री कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाडौँको मिति २०८२।०८।२१ को निर्णयअनुसार सहकारी मिडिया प्रा.लि. (दर्ता नम्बर ३७८६६८) को नाममा रहेको सम्पूर्ण चल अचल श्रीसम्पति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदी परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी यस कम्पनीको नाम सहकार्य नेटवर्क प्रा.लि. कायम भएको हुँदा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

# जनमत कार्यकारिणी सदस्यसहित दर्जनौँ नेता आजपामा प्रवेश

**मधेशदृष्टि**
**रौतहट ।**
जनमत पार्टीका कार्यकारिणी समिति, केन्द्रीय कमिटीसहित विभिन्न जिम्मेवारीमा रहेका दर्जनौँ नेता पार्टी परित्याग गरी आम जनता पार्टी (आजपा)मा प्रवेश गरेका छन् ।

आजपा अध्यक्ष एवम् पूर्वमन्त्री प्रभु साहको गृहनगर रौतहटको मौलापुर नगरपालिकाको पतौरा बजारमा आयोजित कार्यक्रममा नेताहरु जनमत पार्टी परित्याग गर्दै आजपामा प्रवेश गरेका हुन् ।

यसरी पार्टी प्रवेश गर्नेहरुमा जनमत पार्टीका कार्यकारिणी समिति सदस्य सुनिल यादव, केन्द्रीय सदस्य सियाराम जयसवाल, केन्द्रीय सदस्य विनोद यादव, सांस्कृतिक जनमत संघका केन्द्रीय सदस्यद्वय दीपक बैठा, रामबाबु यादव छन् ।

यसैगरी जनमत पार्टी बाराका सदस्य एवम् सुवर्ण गाउँपालिकाका इन्चार्ज कामेश्वर मुखिया, देवताल गाउँपालिका



अध्यक्ष सन्दीप यादव, महागढीमाई नगरपालिका सचिव राजेश यादव, देवताल गाउँपालिका सचिव कौशल कुशवाहा, वडा नं. ६ का वडा अध्यक्ष कपिलदेव पण्डित, महागढीमाई नगरपालिका वडा नं. ६ का पूर्व वडा अध्यक्ष कुबेर यादव, सचिव हरिन्द्र यादव, बारा जिल्ला सदस्य उमाशंकर दास, पुन्देव चौरसिया, पतौरा ९ का वडा अध्यक्ष सविन्द्र यादव लगायतका नेताहरु आजपामा प्रवेश गरेका छन् ।

जनमत पार्टी परित्याग गरी आजपा प्रवेश गर्ने नेताहरु बारा जिल्ला क्षेत्र नं. २ का बढी रहेका छन् ।

पछिल्लो समय जनमत पार्टी परित्याग गर्दै आजपामा प्रवेश गर्ने नेताहरुको संख्या बढ्दै गइरहेको आजपा सचिवालय सदस्य सुभाष साहले जनाएका छन् ।

उनीहरुलाई आजपा अध्यक्ष एवम् पूर्वमन्त्री प्रभु साहले टिका, माला, अबिर लगाएर पार्टीमा स्वागत गरेका छन् । आजपामा स्वागत गर्दै उनले सफल राजनीतिक भविष्यको शुभकामना व्यक्त गरेका छन् ।

यसअघि जनमत पार्टीका केन्द्रीय सदस्यहरु विक्रमबहादुर बम, उदयपुर जिल्ला इन्चार्ज पुष्पराज भण्डारी, तिलक भण्डारी सहितका नेताहरु गत बुधबार आजपामा प्रवेश गरेका थिए । जनमत पार्टी परित्याग गरी आजपामा प्रवेश गर्ने नेताहरुले जनमतले मुलुकको नेतृत्व गर्दै नेपाली जनताको आवश्यकता, चाहना पूरा गर्न नसक्ने भएकाले आफूहरुले आजपामा प्रवेश गरेको जनाएका छन् ।

आजपाले लिएको रणनीति, उठाउँदै आएको मुद्दाले मुलुक र नेपाली जनताको पक्षमा रहेको र आजपाले मुलुकको नेतृत्व गर्दै समृद्धिको स्पष्ट खाकासहित अगाडि बढेकाले आजपामा प्रवेश गरेको उनीहरुले जनाएका छन् ।

आजपाको नेतृत्व, नीति, विचार नै अहिलेको आवश्यकता भएकाले अन्य नेतालाई समेत उनीहरुले आजपामा गोलबद्ध हुन आह्वान गरेका छन् ।

# बाक्लो हुस्सु र शीतलहरले मधेशको जनजीवन प्रभावित



**मधेशदृष्टि**
**रौतहट ।**
बिहानैदेखि शुरु भएको बाक्लो हुस्सु र शीतलहरका कारण रौतहटसहित मधेश प्रदेशको जनजीवन प्रभावित भएको छ । अत्यधिक चिसो, कुहिरो र शीतलहरका कारण सर्वसाधारणको दैनिकी कष्टकर बनेको छ भने यातायात र दैनिक गतिविधिमा समेत असर परेको छ ।

बिहानैबाट आकाश ढाकिने गरी लागेको बाक्लो हुस्सुका कारण दृश्यता अत्यन्तै कम हुँदा मानिसहरू घरबाट बाहिर निस्कन सकेका छैनन् । चिसो बढेसँगै वृद्ध वृद्धा, बालबालिका तथा बिरामीहरू बढी प्रभावित भएका छन् ।

पूर्वपश्चिम राजमार्गअन्तर्गत रौतहटको विभिन्न खण्डमा बाक्लो कुहिरोका कारण सवारी आवागमन समेत प्रभावित बनेको छ ।

शीतलहर र बाक्लो हुस्सुले विशेष गरी दैनिक ज्यालादारी गरेर गुजारा चलाउँदै आएका निम्न आय वर्गका नागरिकको जीवन थप कठिन बनेको छ । चिसोका कारण काममा निस्कन नसक्दा उनीहरूको आम्दानी प्रत्यक्ष रूपमा प्रभावित भएको छ ।

वृन्दावन नगरपालिका–२ का स्थानीय बासिन्दा बिगु पटेलले भने, 'चिसोका कारण मजदुरी गर्न जान निकै समस्या भएको छ, बिहानैबाट यति धेरै चिसो भयो काममा जान सकिँदैन, काम नगर्दा घर खर्च चलाउनै गाह्रो हुनेभयो ।'

यता चिसोबाट जोगिन सर्वसाधारणलाई न्यानो लुगा लगाउन, आगो तथा ताप साधन सुरक्षित रूपमा प्रयोग गर्न र अनावश्यक रूपमा घरबाहिर ननिस्कन वृन्दावन नगरपालिकाका नगरप्रमुख बिनोदप्रसाद कुर्मीले आग्रह गरेका छन् ।

# भवानीपुरमा बर्थिङ सेन्टर सञ्चालन

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिका वडा नं. १८ स्थित भवानीपुरमा शुक्रबारदेखि बर्थिङ सेन्टर सञ्चालनमा आएको छ । सुरक्षित मातृत्व सेवा प्रवद्र्धन गर्ने उद्देश्यका साथ स्थापना गरिएको बर्थिङ सेन्टरको महानगर प्रमुख राजेशमान सिंहले शुभारम्भ गरे ।

उद्घाटन समारोहमा सिंहले बजार क्षेत्रमा मात्र नभई ग्रामीण भेगका बासिन्दालाई समेत सहज र सुरक्षित प्रसूती सेवा उपलब्ध गराउने लक्ष्यका साथ बर्थिङ सेन्टर सञ्चालनमा ल्याइएको जानकारी दिए । उनले स्वास्थ्य संस्थामै प्रसूती गराउन प्रोत्साहन गर्नु मातृ तथा शिशु मृत्युदर घटाउने प्रभावकारी उपाय भएको उल्लेख गरे ।

'ग्रामीण क्षेत्रका गर्भवतीले सामान्य प्रसूती सेवाका लागि पनि शहर धाउनुपर्ने बाध्यता हटाउन गाउँमै बर्थिङ सेन्टर सञ्चालनमा ल्याइएको हो,' प्रमुख सिंहले भने, 'यसले स्थानीय महिलालाई समयमै र सुरक्षित सेवा प्राप्त गर्न ठूलो सहयोग पुग्नेछ ।'

महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत अरविन्द लाल कर्णले आवश्यक जनशक्ति र उपकरणको व्यवस्थापनसहित बर्थिङ सेन्टर सञ्चालनमा ल्याइएको बताए ।

उनले यस केन्द्रबाट स्थानीय बासिन्दा प्रत्यक्ष रूपमा लाभान्वित हुने विश्वास व्यक्त गरे । त्यसैगरी वडा नं. १८ का वडा अध्यक्ष उमाशंकर तिवारीले बर्थिङ सेन्टर सञ्चालनमा आएसँगै वडामै सामान्य प्रसूती सेवा उपलब्ध हुने र यसले स्थानीय नागरिकलाई ठूलो सहजता ल्याएको बताए ।



'यसअघि गाउँघरमा सुत्केरी ब्यथा लागेपछि रातबिरात वीरगंज लैजानुपर्ने बाध्यता थियो,' उनले भने, 'राति एम्बुलेन्स खोजेर गर्भवतीलाई अस्पताल पु¥याउन निकै कठिन हुन्थ्यो । अब वडामै बर्थिङ सेन्टर सञ्चालनमा आएपछि यस समस्याबाट ठूलो हदसम्म छुटकारा मिल्नेछ ।'

आवश्यक पूर्वाधार तथा जनशक्ति व्यवस्थापन पूरा भएपछि बर्थिङ सेन्टर औपचारिकरूपमा सञ्चालनमा ल्याइएको हो । सेन्टरमा प्रि–डेलिभरी कक्ष, पोस्ट– डेलिभरी कक्ष, जाँच कक्ष, ड्रेसिङ रुम, प्रयोगशाला (ल्याब), स्टोर, प्रशासनिक कक्ष तथा शौचालयको छुट्टाछुट्टै व्यवस्था गरिएको छ । यसअघि नै वीरगंज महानगरपालिकाले वडा नं. २१ लिपनीविर्ता र वडा नं. २८ बगहीमा बर्थिङ सेन्टर सञ्चालनमा ल्याइसकेको छ । वडा नं. २८ मा रहेको बगही स्वास्थ्य केन्द्रमा २ जना विशेषज्ञ चिकित्सकसहित प्रसूती तथा बाह्य रोग (ओपिडी) सेवा २४ सै घण्टा प्रवाह हुने गरी स्तरोन्नति भइसकेको छ । वीरगंज बजार क्षेत्रमा भने नारायणी अस्पताल लगायत विभिन्न निजी अस्पताल तथा क्लिनिकहरूले विशेषज्ञ चिकित्सकमार्फत प्रसूती सेवा प्रदान गर्दै आएका छन् । महानगरपालिकाले शहरसँगै ग्रामीण क्षेत्रको स्वास्थ्य सेवालाई सन्तुलित रूपमा विस्तार गर्दै लगेको हो ।

# रास्वपाद्वारा वीरगंज महानगरमा संगठन विस्तार

**मधेशदृष्टि**
**वीरगंज ।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले वीरगंज महानगरमा संगठन विस्तार शुरू गरेको छ । यसै क्रममा
शनिबार रास्वपाले वीरगंज महानगरको वडा नम्बर ३ को वडा समिति किरण कटुवालको सभापतित्वमा गठन गरेको छ ।

समितिको उपसभापतिमा लाल बाबु मन्सुरी, सचिवमा अनिल कुमार दास, सहसचिव एकबाल मिया र राकेश महर्जन तथा सदस्यमा सुरेश पासी, अशरफ मन्सुरी, नुरेनबि मन्सुरी, छोटु साह सोनार, राजु कुमार स्वामी, समीर मिया धोबी, राजन कुमार दास, अजय कुमार दास र जावेद मिया मन्सुरी छन् ।

त्यसैगरी सल्लाहकारमा मञ्जुरल हक अन्सारी, सम्सुदिन अन्सारी र ज्याउल हक मन्सुरी छन् ।

रास्वपा पर्सा सभापति हरि पन्तले छिट्टै रास्वपा महानगरको ३२ वटै वडामा गठन गरिने बताए । उनले अहिले महानगरका सबै वडाबाट राष्ट्रिय स्वतन्त्र पार्टीमा आउन चाहनेको लहर नै चलेको बताए ।

महानगर सभापति महोमद्ध आलमको सभापतित्वमा भएको कार्यक्रमको सहजिकरण सचिव गौतम श्रेष्ठले गरेका थिए ।

कार्यक्रममा महानगर उपसभापति परितोस द्विवेदी, सहसचिव मुन्ना साह र नेता परवेज आलमको विशेष उपस्थिति थियो ।

# सुशासनको शुरुवात कर्मचारीबाटै हुनुपर्नेमा जोड

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
देशभर सुशासनको बारेमा बहस चलिरहेको समयमा निजामती कर्मचारीकै संगठनले आयोजना गरेको कार्यक्रममा सहभागी वक्ताहरूले सुशासन कायम गर्ने मूल जिम्मेवारी कर्मचारीहरूकै रहेको धारणा राखेका छन् । मधेशमा सुशासन स्थापनाका लागि सुधारको सुरुआत प्रशासनभित्रैबाट हुनुपर्ने उनीहरूको निष्कर्ष थियो ।

मधेशी निजामती कर्मचारी मञ्च, मधेश प्रदेशद्वारा जनकपुरधाममा आयोजित 'मधेश प्रदेशमा सुशासन' विषयक अन्तरक्रिया कार्यक्रममा वक्ताहरूले नीति, कानुन र संरचना मात्रै पर्याप्त नहुने भन्दै त्यसको कार्यान्वयन गर्ने कर्मचारीको आचरण, इमान्दारी र जवाफदेहिता नै सुशासनको आधार हुने बताएका छन् । कार्यक्रमका प्रमुख अतिथि मधेशका निमित्त प्रमुख सचिव रामकुमार महतोले सुशासन कुनै एक व्यक्ति वा संस्थाको प्रयासबाट मात्र सम्भव नहुने स्पष्ट पारे । सबै तह र क्षेत्रका सरोकारवालाले आ–आफ्नो जिम्मेवारी इमान्दारीपूर्वक निर्वाह गरे मात्र सुशासन व्यवहारमा देखिन सक्ने उनको भनाइ थियो ।

'सुशासन कायम गर्न सबैले आफ्नै तहबाट प्रतिबद्धता जनाउनुपर्छ,' उनले भने, 'हामी कर्मचारी हौँ भने आफ्नो कर्तव्य इमान्दारीका साथ पूरा गर्नुपर्छ । त्यसो गर्न सके सुशासन आफैँ स्थापित हुन्छ ।' उनले राजनीतिक तहमा हुने निर्णय र गतिविधि कर्मचारीहरूको प्रत्यक्ष दायित्वभित्र नपर्ने उल्लेख गर्दै अरूले के गरे भन्नेभन्दा पनि आफूहरूले आफ्नो जिम्मेवारी कत्तिको निष्ठाका साथ निर्वाह गरिरहेका छौं भन्ने कुरा महत्वपूर्ण हुने बताए ।

कार्यक्रममा बोल्दै नेपाल वन प्राविधिक संघका केन्द्रीय उपाध्यक्ष सुजित कुमार झाले मधेश प्रदेशमा पछिल्ला सरकारहरूले सुशासनको मर्मविपरीत काम गर्दै आएको आरोप लगाए । नीति र नियमको अवहेलना गर्दै गरिएका निर्णय तथा अभ्यासले प्रशासनिक प्रणाली कमजोर बनेको उनको भनाइ थियो । उनले विशेषगरी कर्मचारी सरुवा–बढुवामा व्यापक अनियमितता हुँदै आएको उल्लेख गर्दै त्यसले सुशासन कायम गर्न थप जटिलता सिर्जना गरेको बताए । 'नियमविपरीतका कामले प्रशासनप्रति जनविश्वास घट्दै गएको छ,' झाले भने ।

त्यस्तै नेपाल निजामती कर्मचारी संघ, मधेश प्रदेशका अध्यक्ष राजकिशोर राउतले सुशासनका लागि सबैभन्दा पहिले कर्मचारीहरू आफैं सुध्रिन आवश्यक रहेको बताए । सेवा प्रवाहमा पारदर्शिता, जवाफदेहिता र नैतिकता कायम नगरी सुशासन सम्भव नहुने उनको धारणा थियो ।

नेपाल मधेशी निजामती कर्मचारी मञ्च, मधेश प्रदेशका अध्यक्ष संजय कुमार मिश्रको अध्यक्षतामा सम्पन्न कार्यक्रममा मञ्चका केन्द्रीय अध्यक्ष लालबाबु यादवसहित विभिन्न कर्मचारी संगठनका प्रतिनिधि तथा कर्मचारीहरूको उल्लेख्य सहभागिता रहेको थियो । सहभागीहरूले सुशासनलाई नारा मात्र नभई व्यवहारमा उतार्न प्रशासनिक संस्कार परिवर्तन आवश्यक रहेको निष्कर्ष निकाले ।

# थला पर्दै जनस्वास्थ्य प्रयोगशाला

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशमा सस्तो र भरपर्दो स्वास्थ्य परीक्षणको आधार मानिएको जनस्वास्थ्य प्रयोगशाला गम्भीर संकटमा परेको छ ।

सरकारी उदासीनता, कानूनी अस्पष्टता र केमिकल अभावका कारण प्रयोगशालाका दर्जनौँ अत्यावश्यक परीक्षण सेवा बन्द भएका छन् ।

२ सय ५० प्रकारसम्म परीक्षण गर्न सक्ने क्षमता रहे पनि हाल भिटामिन, हर्मोन, थाइराइडलगायत ५० भन्दा बढी सेवा ठप्प छन् । यसले दैनिक सेवा लिँदै आएका ज्येष्ठ नागरिक, दीर्घरोगी र विपन्न वर्गलाई प्रत्यक्ष असर पुगेको छ । स्वास्थ्य मन्त्रालयले आवश्यक कार्य निर्देशिका नबनाउँदा केमिकल खरिद हुन नसकेको प्रयोगशालाको भनाइ छ । यसैबीच मन्त्रालयभित्रको प्रशासनिक अन्योल र बजेट कार्यान्वयनमा कमजोरीले समस्या झन जटिल बनेको छ ।

समयमै नीति र निर्णय नआए मधेश प्रदेशका हजारौँ नागरिक सस्तो स्वास्थ्य परीक्षण सेवाबाट वञ्चित हुने खतरा बढेको छ ।

# मधेशमा जटिल बन्दै आत्महत्या

**मधेशदृष्टि**
**वीरगंज ।**
मधेश प्रदेशमा आत्महत्या गम्भीर सामाजिक समस्याका रूपमा स्थापित हुँदै गएको छ । मधेश प्रदेश प्रहरी कार्यालयका अनुसार प्रदेशमा दैनिक औसत ३ देखि ४ जनाले आत्महत्या गर्ने गरेको तथ्याङ्कले अवस्था अत्यन्तै चिन्ताजनक रहेको देखाएको छ ।

चालु आर्थिक वर्षको मङ्सिर मसान्तसम्म प्रदेशभर ४ सय ४० आत्महत्याका घटना प्रहरीमा दर्ता भएका छन् । जिल्लागत तथ्याङ्क अनुसार सर्लाहीमा सबैभन्दा बढी ६४ र बारामा सबैभन्दा कम ४४ वटा आत्महत्याका घटना दर्ता भएका छन् । यस्तै, सप्तरीमा ४९, सिरहामा ६३, धनुषामा ६०, महोत्तरीमा ५५, रौतहटमा ५६ र पर्सामा ४९ वटा घटना दर्ता भएका छन् ।

प्रदेश प्रहरी कार्यालयका अनुसार आत्महत्या गर्नेमा महिलाको संख्या पुरुषभन्दा बढी छ । समीक्षा अवधिमा १ सय ५९ महिला, १ सय ५० पुरुष, २६ बालक र १ सय ५ बालिकाले आत्महत्या गरेको तथ्याङ्क छ । मधेश प्रदेश प्रहरी कार्यालयका प्रवक्ता कमल थापाले आत्महत्याको अवस्था अत्यन्तै गम्भीर र चिन्ताजनक रहेको बताए ।

उनका अनुसार मानसिक स्वास्थ्य समस्या, आर्थिक अभाव, प्रेम सम्बन्धका विवाद तथा सामाजिक सञ्जालका कारण बढ्दो एक्लोपन आत्महत्याका प्रमुख कारण बनेका छन् । आत्महत्या न्यूनीकरणका लागि प्रहरीले समुदायस्तरमा सचेतनामूलक गतिविधि बढाएको जनाएको छ । प्रदेश प्रहरी कार्यालयका प्रहरी निरीक्षक सोनु कुमार साहका अनुसार सामुदायिक प्रहरीले विद्यालयहरूमा पुगेर विद्यार्थीहरूलाई मानसिक स्वास्थ्य, सामाजिक सम्बन्ध र जोखिमबारे सचेतना शिक्षा दिँदै आएको छ ।

# प्रधानमन्त्री भएर देशको सेवा गर्ने चाहना छः विप्लव

**मधेशदृष्टि**
**काठमाडौँ ।**
नेकपा माओवादीका महासचिव नेत्रविक्रम चन्द विप्लवले आफूलाई प्रधानमन्त्री बन्ने चाहना रहेको बताएका छन् । उनले जेन्जीसँगको अन्तरक्रियामा बोल्दै अहिले चुनाव हुन्छ कि हुँदैन भन्ने सबैलाई शंका भइरहेको बताए ।



उनले भने, 'सुशीला कार्की नेतृत्वको सरकारको चुनावको कुरा मान्छेले पत्याइरहेका छैनन् । पुलिसको १६ सय हतियार लुटिएको छ । त्यो फिर्ता भएको छैन । चुनाव गर्न सक्नेगरी प्रहरीको मनोबल उठेको छैन । त्यसैले हामीले अन्तरिम सर्वपक्षीय सरकार बनाएर जेन्जीका माग सम्बोधन गरेर, सम्भव भए प्रत्यक्ष राष्ट्रपति चुन्ने या सबै जनताको भोटबाट प्रधानमन्त्री चुन्ने, जेन्जीको पनि त्यही माग छ ।'

उनले यो पटकको चुनावमा नेकपा माओवादी पनि भिड्ने भन्दै देशलाई राम्रो बनाउने सपना आफूहरूसँग रहेको बताए । उनले थपे, 'हामीले बन्दुक पनि बोक्यौँ, जेल पनि गयौँ, किताब पनि पढ्यौँ । अहिले नयाँ उद्योगधन्दा पनि चलाउँछौँ, काम गर्छौँ । यदि नेपालका किसान, मजदुर, बद्धिजिवी, व्यापारी, मध्यम वर्गले, शहरले, गाउँले हामीलाई मौका दिनुहुन्छ भने तिमीहरू एक चोटि गरेर देखाऊ न भनेर तपाईंहरूले जिम्मा दिनुहुन्छ भने एकचोटी यो देशको प्रधानमन्त्री भएर, कार्यकारी प्रमुख भएर गोरु जस्तो जोतेर देशको सेवा गर्ने चाहना पनि नेकपा माओवादीको छ ।'

# नाबालक प्रयोग गरेर गहना चोरी चार जना पक्राउ

**मधेशदृष्टि**
**सर्लाही ।**
लालबन्दी बजार क्षेत्रमा गरगहना चोरीको घटना सम्बन्धमा चार जना पक्राउ परेका छन् । इलाका प्रहरी कार्यालय लालबन्दीले चोरी गर्ने दुई जना र ती चोरी गरगहना किन्ने दुई सुनचाँदी पसल सञ्चालकलाई नियन्त्रणमा लिएको हो ।

प्रहरीका अनुसार मुख्य चोरी गर्ने व्यक्ति नाबालक हुन् र उनको नाम गोप्य राखिएको छ । नाबालकले चोरी गरेको गरगहना पिङ्कीदेवी साह नामकी महिलाले पसलमा बिक्री गर्ने गरेको पाइएको छ । उनीहरू नातेदार हुन् र एउटै घरमा बस्दै आएका थिए । त्यस्तै, आरके ज्वेलर्सका सञ्चालक रमेश विश्वकर्मा र साइरा ज्वेलर्सका सञ्चालक कुमार विश्वकर्मा पनि चोरी गरगहना खरिद गर्ने क्रममा पक्राउ परेका छन् ।

चोरी गरगहनामध्ये एक थान तिलहरी १ लाख ४४ हजार रुपैयाँमा बिक्री गरिएको पाइएको छ । प्रहरीले चारै जनालाई पाँच दिनको म्याद थप गरी अनुसन्धान अघि बढाएको छ । साथै, चोरीमा अन्य व्यक्तिहरूको संलग्नता हुन सक्ने आशङ्का गरी अनुसन्धान जारी छ । पछिल्लो समय लालबन्दी, मलङ्वा लगायतका क्षेत्रमा घर चोरीको घटना बढ्दै गएकोप्रति प्रहरी र सर्वसाधारण हैरान रहेका छन् ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन